# तानसेन नगरपालिका
## कृषि, रोजगार, पर्यटन उद्योग र व्यापार तानसेन महोत्सव-२०८०
## तानसेन (टुँडिखेल), पाल्पा

मिति: २०८०।११।१०

## खुल्ला एकल लोकगीत प्रतियोगिता सम्बन्धी सूचना

प्रस्तुत विषयमा यस तानसेन नगरपालिकाको मुख्य आयोजनामा यही मिति २०८० फागुन १९ गते देखि २९ गतेसम्म टुडीखेल मैदान तानसेन, पाल्पामा संचालन हुने **"कृषि, रोजगार, पर्यटन उद्योग र व्यापार, तानसेन महोत्सव २०८०"** मा **खुल्ला एकल लोकगीत प्रतियोगिता** आयोजना गरिएकोले ईच्छुक नव उदयीमान कलाकारहरुले मिति २०८० फागुन १८ गते भित्र आफ्नो नाम दर्ता गराउनु हुन यो सूचना प्रकाशन/प्रशारण गरिएको छ ।

१. प्रतियोगीले गाउने गीत नेपाली भाषाको हुनु पर्नेछ ।
२. प्रतियोगीलाई गीत प्रस्तुत गर्न बढीमा ६ मिनेट समय दिईनेछ ।
३. गायन एकल हुनु पर्नेछ ।
४. गीत प्रत्यक्ष बाद्यबादनमा गाउनु पर्नेछ ।
५. प्रतियोगीले गाउने गीतको शब्द सिर्जना आफ्नै हुनु पर्नेछ ।
६. गीतको शब्दा र भावानुसारको पोशाक हुनेलाई ग्राहयता दिईनेछ ।
७. प्रतियोगिले यस अघि आफनो गित रेकर्ड नगराएको हुनु पर्नेछ ।
८. कम्तिमा १३ बर्ष उमेर पुगेको नेपाली नागरिक महिला वा पुरुष जो सुकैले प्रतियोगितामा भाग लिन पाउनेछ ।
९. प्रतियोगितामा व्यक्तिगत वा संस्थागत रुपमा भाग लिन पाईने छ तर संथागत प्रतियोगीले संस्थागत पत्र पेश गर्नु पर्नेछ ।
१०. मादक पदार्थ सेवन गरी आउने प्रतियोगीलाई प्रतियोगितामा सहभागि गराईने छैन ।
११. गायनको मूल्याङ्कन गर्दा गीत अनुसारको सुर, ताल-नोटेशन, टाईमिङ लगायतका गायन प्रतियोगिताका मूल्याङ्कन सम्बन्धि प्रचलित नियमलाई आधार मानिनेछ ।
१२. प्रतियोगिताको मूल्याङ्कन र निर्णयको लागि एक निर्णायक समिति रहनेछ र उक्त समितिले गरेको निर्णय नै अन्तिम हुनेछ ।
१३. प्रतियोगीले २०८० फागुन १८ गते भित्र महोत्सवको सचिवालय वा राष्ट्रिय लोक दोहोरी प्रतिष्ठान पाल्पा शाखा वा तानसेन नगरकार्यपालिकाको कार्यालयमा नाम दर्ता गराउनु पर्नेछ । सम्पर्क नं. ९८४७०२८३५६, ९८६४४६९४३०

संयोजक
साँस्कृतिक उपसमिति